**"२८ औं वन्यजन्तु सप्ताह २०८० को अवसरमा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाट आयोजना तथा संचालन भएका सप्ताहव्यापी कार्यक्रम तथा प्रगति"**




**पहिलो दिन : मिति २०८०/०१/०१ गते**

**संचालित क्रियाकलाप तथा प्रगतिहरु:**

**२८ औं वन्यजन्तु सप्ताह २०८० कार्यक्रमको समुद्धाटन तथा नयाँ वर्ष २०८० को शुभकामना आदनप्रदान ।**

यस बर्दिया रास्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत सहितका कर्मचारीहरु, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, देवी दत्त गण, राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दिया, उपभोक्ता समितिहरु, नेचर गाईड एसोसियसन बर्दिया, होटल एसोसियसन नेपाल बर्दिया, CBAPU, ETDF, SENSE Nepal, WESC, BNCC, मध्यवर्ती सामुदयिक वन उपभोक्ता समूह, CBAPU, ठाकुरबाबा बहुउद्देशीय सहकारी संस्था लगायतका १०० भन्दा बढि प्रतिनिधीहरुको उपस्थितिमा नयाँ वर्ष २०८० को शुभकामना आदनप्रदान गरी नेपालको राष्ट्रिय झण्डा र बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको झण्डा झण्डोत्तोलन गरि २८ औं वन्यजन्तु सप्ताह २०८० को औपचारिक रुपमा समुद्धाटन गरिएको ।


रेन्जर

सहायक संरक्षण अधिकृत

प्रमुख संरक्षण अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया



**दोश्रो दिन : मिति २०८०/०१/०२ गते**

**<u>संचालित क्रियाकलापहरु</u>**

**सरोकारवालाहरुसंग अन्तरक्रिया/समन्वय कार्यक्रम**

२८ औ वन्यजन्तु सप्ताह कार्यक्रमको दोस्रो दिन मिति २०८०।०१।०२ गतेका दिन यस बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत सहितका कर्मचारीहरु, देवी दत्त गण, राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दिया, HAN, NAGA, ETDF, ठाकुरबाबा उपभोक्ता समितिका अध्यक्ष लगायतको उपस्थितिमा सरोकारवालाहरुसंग अन्तरक्रिया/समन्वय कार्यक्रम सम्पन्न भएको ।

**प्रगति तथा उपलब्धिहरु**

वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापन सँगै पर्यटकीय गतिविधि सञ्चालन सम्बन्धमा निकुञ्ज घुम्न आउने पर्यटकहरुलाई मध्यनजर गरी निकुञ्ज भित्र गर्न हुने नहुने कुराहरुको विषयमा यहि मिति २०८० बैशाख ८ गतेबाट लागु हुने गरी निकुञ्ज प्रवेश गर्नुपूर्व जिगंल र डिजिटल डिस्प्ले मार्फत जानकारी गर्न व्यवस्था मिलाउने, निकुञ्ज क्षेत्र भित्र अनिवार्य रुपमा वातावरण मैत्री ड्रेस कोडको व्यवस्था गर्ने । पर्यटकीय गतिविधिहरुलाई थप उजागर गर्नका लागि नयाँ क्याम्प साइटको व्यवस्था गर्ने जसका लागि निकुञ्ज भित्रको पाताचुली, खयरभट्टी परेवाओडारलाई नयाँ क्याम्प साइटको रुपमा विकसित गर्ने, निकुञ्ज क्षेत्र भित्र जिप सफारीलाई व्यवस्थित गर्ने, फोहोरमैला व्यवस्थापनका लागि गाडीमा डस्टबिनको व्यवस्था गर्ने, कम गतिमा गाडी गुडाउने एवम् बर्दिया राष्ट्रिय निकुञ्जलाई बाघको रुपमा परिचित गराउन Special बाघ गाइडको जनशक्ति उत्पादनका लागि तालिमको आयोजना गरी प्रबन्ध मिलाउने जस्ता निर्णयहरु भएको । यसबाट समग्र बर्दिया राष्ट्रिय निकुञ्जको जैविक विविधता र पर्यटकीय गतिविधि सञ्चालनका लागि थप टेवा पुग्ने देखिन्छ ।

रेञ्जर

सहायक संरक्षण अधिकृत

प्रमुख संरक्षण अधिकृत



तेस्रो दिन मिति २०८०।०१।०३


**क.चरा अवलोकन कार्यक्रम**

यस कार्यालयमा कार्यरत कर्मचारीहरु, राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दिया, नेचर गाईड एसोसियसन बर्दिया, होटल एसोसियसन नेपाल बर्दिया, BNCC तथा CBAPU लगायतका प्रतिनिधिहरुको उपस्थितिमा निकुञ्जको लम्कौली फाँटा र बगौरा फाँटामा चरा अवलोकन कार्य सम्पन्न गरिएको ।

**प्रगति तथा उपलब्धिहरु**

चरा अवलोकन कार्यमा विभिन्न किसिमका ४५ प्रजातिका चराहरुको पहिचान, चराचुरुंगीहरुको महत्व विषयमा जानकारी भएसंगै पर्यटन प्रवर्दनमा टेवा पुग्ने देखिएको ।



रेन्जर | सहायक संरक्षण अधिकृत | प्रमुख संरक्षण अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया

## ख. निशुल्क स्वास्थ्य शिविर

बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयमा वन्यजन्तु सप्ताहको अवसरमा १ दिने निशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको । बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, देवीदत्त गण ठाकुरद्वारा व्यारेक, ठाकुरबाबा नगरपालिका, ZSL नेपाल र बर्दिया टाइगर रिसोर्टको संयुक्त समन्वय र सहकार्यका निशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको। यस कार्यमा मेडिकल टिमको सौजन्य नेपालगञ्ज मेडिकल कलेज कोहलपुर बाँकेको रहेको थियो।

**प्रगति तथा उपलब्धिहरु**

यस निशुल्क स्वास्थ्य शिविरबाट बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बस्ने स्थानीय बासिन्दाहरु लाभान्वित भएका छन्। उक्त शिविरमा जनरल फिजिसियन, नाक, कान, घाँटी, आँखा सम्बन्धी, छाला रोग, बालरोग, स्त्री रोग, हाडजोर्नी जस्ता सेवाहरु प्रदान गरिएको थियो। निशुल्क स्वास्थ्य शिविर सञ्चालनबाट ७६० जना स्थानीय बासिन्दाहरुले विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सम्बन्धी लाभ लिनुभएको छ। यसबाट स्थानीयहरुमा निकुञ्ज प्रति सकरात्मक भावना सृजना भएको छ भने मानव वन्यजन्तु बीच सहअस्तित्व कायम गर्न सहयोग पुग्ने समेत देखिन्छ।




**चौँथो दिन : मिति २०८०/०१/०४ गते**

## संचालित क्रियाकलाप

### क. इको क्लबका शिक्षकहरुसंग अन्तरक्रिया

यस निकुञ्ज कार्यालय अन्तरगतको मध्यवर्ती क्षेत्र भित्रका विद्यालयमा अध्यापन गर्नुहुने शिक्षकहरुसंग संरक्षण सम्बन्धी विषयमा अन्तरक्रिया कार्य सम्पन्न गरिएको। कार्यक्रममा निकुञ्जका मध्यवर्ती क्षेत्रका २५ वटा विधालयका शिक्षकहरुको उपस्थिति रहेको थियो।

रेन्जर

सहायक संरक्षण अधिकृत


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया

प्रमुख संरक्षण अधिकृत

**प्रगति तथा उपलब्धिहरु**

वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, जैविक विविधताको महत्व जस्ता विषयमा जानकारी आदानप्रदान एवम शिक्षकहरुले खेल्नु पर्ने भुमिकाको विषयमा छलफल भएको । छलफलका क्रममा विधालयका शिक्षकहरुलाई वन, वन्यजन्तु, वातावरण तथा जैविक विविधताको समग्र संरक्षणका लागि हातेमालो गर्ने, नियमित रुपमा निकुञ्ज कार्यालयसँग छलफल गरी कार्यक्रम तय गर्ने , यस सम्बन्धी विषयमा जानकारी गराउने समन्वय र सहकार्य गर्ने विषयमा छलफल भएको । यसबाट शिक्षकहरु संरक्षण सम्बन्धी विषयमा जानकार भई विद्यार्थीको क्षमता अभिवृद्धि हुनेछ र संरक्षणमा लाग्न अभिप्रेरित हुने देखिन्छ ।





**ख. चोरीशिकार नियन्त्रण युवा परिचालन अभियानका सदस्यहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम**

बर्दिया राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेना देवीदत्त गणको प्राङगढमा यस कार्यालयका प्रमुख संरक्षण अधिकृत, देवीदत्त गणका प्रमुख सेनानी अन्य सरोकारवाला प्रतिनिधि सहितको उपस्थितिमा चोरीशिकार नियन्त्रण युवा परिचालन अभियानका १९ वटा उपसमितिका सदस्यहरुसँग छलफल कार्यक्रम सम्पन्न गरिएको ।

**प्रगति तथा उपलब्धिहरु :**

कार्यक्रममा CBAPU का सदस्यहरुसँग वन, वन्यजन्तु र तिनीहरुको अवैध चोरीशिकार नियन्त्रणका लागि हालसम्म भए गरेका क्रियाकलापहरुको समिक्षा तथा आउँदा दिनमा गर्नुपर्ने कार्यका विषयमा छलफल भएको । छलफलका क्रममा CBAPU का सदस्यहरुलाई संरक्षण कार्यमा लाग्न अभिप्रेरित गर्ने विषयहरु समावेश भएको । जसका लागि उनीहरुलाई पर्यापर्यटन तथा संरक्षणमा लाग्न आवश्यक सीप विकास एवम् क्षमता अभिवृद्धि गर्ने विषयमा छलफल भएको । यस्तै अवैध चोरीशिकार नियन्त्रणका लागि गस्ती लगायतका क्रियाकलापमा CBAPU लाई परिचालन गर्ने एवम् उनीहरुलाई आर्थिक रुपमा सबल बनाउन आवश्यक कार्यक्रमको व्यवस्था गर्न प्रयास गर्ने लगायतका विषयमा छलफल भएको थियो ।

रेञ्जर

सहायक संरक्षण अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया

प्रमुख संरक्षण अधिकृत




**पाँचौ दिन : मिति २०८०।०१।०५ गते**

**क.मैत्रिपुर्ण फुटबल खेल**

२८ औ वन्यजन्तु सप्ताह कार्यक्रमको पाँचौ दिन मिति २०८०।१।५ गतेका दिन बिहान ७:०० बजेको समयमा यस कार्यालय प्रमुख संरक्षण अधिकृत सहितका कर्मचारीहरु, देवी दत्त गण, CBAPU, नेचर गाईड एसोसियसन बर्दिया, होटल एसोसियसन नेपाल बर्दिया, BNCC लगायतका प्रतिनिधिहरुको उपस्थिति तथा सहभागितामा निकुञ्ज एवम् देवी दत्त गणको संयुक्त १ टिम र CBAPU, नेचर गाईड एसोसियसन बर्दिया, होटल एसोसियसन नेपाल बर्दियाको संयुक्त १ टिम बीच मैत्रीपूर्ण फुटबल भएको थियो। संरक्षणमा हातेमालो भन्ने मूल सन्देश दिने गरी फुटबल प्रतियोगिता संचालन गरिएको थियो। प्रतियोगितामा निकुञ्ज र देवी दत्त गणको संयुक्त टिमले जीत हासिल गरेको थियो।

**प्रगति तथा उपलब्धिहरु:**

निकुन्ज , नेपाल आर्मी , स्थानीय समुदाय एवम सरोकारवालाहरुसंग सम्बन्ध स्थापित भई समग्र प्रकृति संरक्षण कार्यमा लाग्न थप सहयोग पुग्ने ।

रेञ्जर | सहायक संरक्षण अधिकृत | प्रमुख संरक्षण अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया



**ख. वन्यजन्तु अपराध नियन्त्रण व्यरो बैठक**

वन्यजन्तु सप्ताह २०८० को अवसर पारी बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको आयोजनामा बर्दिया जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाईको बैठक आयोजना गरिएको । कार्यक्रम यस कार्यालयका प्रमुख संरक्षण अधिकृतको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यतामा WCCB इकाईका सदस्यहरु तथा अन्य सरोकारवाला निकायहरुको उपस्थितिमा सम्पन्न भएको थियो ।

**प्रगति तथा उपलब्धिहरु :**



WCCB इकाईको बैठकमा अवैध रुपमा हुने वन्यजन्तु, वनस्पतिको चोरीशिकार तथा तिनीहरुको अवैध व्यपार नियन्त्रणका लागि इकाईका सदस्यहरुबीच आपसी समन्वय, सहकार्य गरी अघि बढ्ने । यस्तै राजमार्ग वनजंगल आसपासका क्षेत्रमा पाल टाँगेर अवैध रुपमा बाघको शिकार गर्ने, वन्यजन्तुको आखेटोपहार ओसारपोसार गर्ने कार्यमा संलग्न बाबरिया/बन्जरिया समूहलाई तत्काल पहिचान गर्ने र तिनीहरुलाई सो स्थानबाट तुरुन्त हटाउन अघि बढ्ने । यस्तै फरार प्रतिवादी पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय तथा अन्य इकाईका सदस्य कार्यालयबाट सहयोग लिई अघि बढ्ने । WCCB का सदस्यहरुबीच तत्काल समन्वय र सहकार्यका लागि सूचना आदान प्रदानका लागि अधिकृत प्रतिनिधि सहितको Whats App ग्रुप बनाउने । सुख्खायाम लागेसँगै वन क्षेत्रमा आगलागीको जोखिम बढिरहेको हुँदा आपसी समन्वय र सहकार्यमा डढेलो नियन्त्रका लागि आवश्यक जनशक्ति परिचालन गर्न समन्वय गर्ने जस्ता विषयमा छलफल भई निर्णय भएको थियो ।

रेन्जर

सहायक संरक्षण अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया

प्रमुख संरक्षण अधिकृत

**छैटौं दिन : मिति २०८०/०१/०६ गते**

**संचालित क्रियाकलाप**

**क. राजमार्ग सरसफाई**

मिति २०८०।०१।०६ गतेका दिन बिहान ७:०० बजेको समयमा यस कार्यालयमा कार्यरत कर्मचारीहरु, देवी दत्त गण, राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दिया, नेचर गाईड एसोसियसन बर्दिया, होटल एसोसियसन नेपाल बर्दिया, ETDF, BNCC तथा CBAPU लगायतका प्रतिनिधीहरुको उपस्थितीमा निकुञ्ज कार्यालय अन्तर्गतको कर्णाली चिसापानी देखि अम्रेनी पोष्ट सम्मको सडक खण्ड र सैनावार देखि रम्मापुरसम्मको राजमार्ग क्षेत्रमा प्लाष्टिक तथा प्लाष्टिक जन्य फोहोर मैलाहरु संकलन तथा व्यवस्थापन गर्ने कार्य गरिएको। सरसफाई कार्यक्रममा ५०० भन्दा बढि प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

**प्रगति तथा उपलब्धिहरु**


पूर्व पश्चिम महेन्द्र राजमार्ग कर्णाली चिसापानी पोष्ट देखि अम्रेनी पोष्ट तथा सैनावार देखि रम्मापुरसम्मको खण्डमा प्लास्टिकजन्य फोहोरको व्यवस्थापन भई वातावरण प्रदुषण एवम् सुख्खायाम लाग्ने डढेलो नियन्त्रणमा सहयोग पुग्ने देखिएको।

रेन्जर

सहायक संरक्षण अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया

प्रमुख संरक्षण अधिकृत

**सातौं दिन : मिति २०८०/०१/०७ गते**


**<u>संचालित क्रियाकलाप</u>**

**क.वन्यजन्तुबाट पिडित अपाङ्ग तथा एकल महिलाहरुलाई राहत वितरण कार्यक्रम**

बर्दिया राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र भित्रका वन्यजन्तुबाट पिडित अपाङ्ग तथा एकल महिलाहरुलाई राहत वितरण गरिएको ।

**प्रगति तथा उपलब्धिहरु:**

कार्यक्रममा वन्यजन्तुबाट पिडित अपाङ्ग ८ जना र एकल महिला २६ जना गरी जम्मा ३४ जनालाई रु १५०० प्रति महिनाका दरले हुन आउने रकम राहत स्वरूप प्रदान गरिएको । जसबाट वन्यजन्तुबाट पिडित अपाङ्ग तथा एकल महिलाहरुलाई समग्र प्रकृति संरक्षण कार्यमा लाग्न अभिप्रेरित गरेको ।



रेन्जर | सहायक संरक्षण अधिकृत | नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा, बर्दिया | प्रमुख संरक्षण अधिकृत

**ख. समिक्षा सहित वन्यजन्तु सप्ताहको समापन**

यस बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयमा यस कार्यालयका प्रमुख संरक्षण अधिकृत सहितका कर्मचारीहरु, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, देवी दत्त गण, राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दिया, समुदायमा आधारित चोरी शिकार नियन्त्रण ईकाई (CBAPU), BNCC, HAN, ETDF, मध्यवर्ती सामुदयिक वन उपभोक्ता समूहको उपस्थितिमा वन्यजन्तु सप्ताहको समिक्षा गरिएको । बर्दिया राष्ट्रिय निकुञ्जको समग्र वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमा आ-आफ्नो ठाउँबाट अहोरात्र खटिई सक्दो सहयोग गरी बर्दिया राष्ट्रिय निकुञ्जसंग हातेमालो गर्ने सबै सरोकारवाला निकायहरुलाई धन्यबाद दिदै आउँदा दिनमा थप व्यवस्थित रुपमा सञ्चालन गर्न संकल्प लिँदै २८ औं वन्यजन्तु सप्ताह २०८० (बैशाख १-७) को अवसरमा आयोजित विभिन्न सप्ताहव्यापी कार्यक्रमहरु सम्पन्न भएको थियो ।



**समापन कार्यक्रम फोटोहरु**

सहायक संरक्षण अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया

प्रमुख संरक्षण अधिकृत